**<u>नेपाल अन्तर्राष्ट्रिय व्यापार मेलाको समुद्घाटन समारोहमा</u>**
**<u>महासंघका अध्यक्षले दिनुभएको स्वागत मन्तव्य</u>**

**सम्माननीय प्रधानमन्त्रीज्यू,**
**माननीय अर्थमन्त्रीज्यू**
**माननीय उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रीज्यू**
**महामहिम राजदुतज्यूहरू**
**नेपाल सरकारका उच्च पदस्थ अधिकारीज्यूहरू**
**कूटनीतिक नियोगका उच्चपदस्थ अधिकारीज्यूहरू**
**Ms. Jin Hong, Deputy Director-General, Trade Development Bureau, Ministry of Commerce, China**
**Representative from India, Bangladesh and Pakistan**
**मेलामा भाग लिन आउनु भएका स्वदेशी एवं विदेशी प्रदर्शनीकर्ताहरू**
**उद्यमी व्यवसायीहरू**
**सञ्चारकर्मी साथीहरू**
**भद्र महिला तथा सज्जनवृन्द**

नेपाल अन्तर्राष्ट्रिय व्यापार मेला (Nepal International Trade Fair-NITF-2018) को यस समुद्घाटन समारोहमा सम्पूर्ण मान्य अतिथि गण एवं मेलामा आफ्नो स्टल राखी व्यापार प्रवर्द्धन गर्न इच्छुक तमाम स्वदेशी एवं विदेशी प्रदर्शनीकर्ताहरूको हार्दिक स्वागत अभिवादन गर्दछु ।

आफ्नो व्यस्त कार्य तालिकाबाट यस मेलाको समुद्घाटन गर्नका लागि समय दिनु भएकोमा हामी सबै उद्यमी व्यवसायी आजका हाम्रा प्रमुख अतिथि सम्माननीय प्रधानमन्त्रीज्यूमा हार्दिक कृतज्ञता ज्ञापन गर्दछौं ।

सम्माननीय प्रधानमन्त्रीज्यूको यस गरिमामय उपस्थितिलाई हामीले नेपाल उद्योग वाणिज्य महासंघप्रतिको सम्माननीय प्रधानमन्त्रीज्यूको व्यक्तिगत माया र सद्भावका रूपमा लिएका छौं । उद्योग व्यापार जगतले सधैंनै प्रधानमन्त्रीज्यूबाट उद्योग व्यवसायको विकास विस्तारका लागि अभिभावकीय भूमिकाको अपेक्षा गरेको छ ।

म यस समारोहमा उपस्थित माननीय मन्त्रीज्यू, माननीय सांसदज्यूहरू, सचिवज्यूहरू, महामहिम राजदूतहरू, संवैधानिक अंगका प्रमुखज्यूहरू, उच्चपदस्थ सरकारी अधिकारीज्यूहरू, संचारकर्मीहरू सहित उद्योग व्यापार जगतका साथीहरूको पनि स्वागत गर्दछु ।

यसवर्ष मेलामा छिमेकी देश चीनबाट भएको उत्साहवर्द्धक सहभागिताबाट हामी अत्यन्त उत्साहित भएका छौं । मित्रराष्ट्र चीनबाट ७४ वटा स्टलमार्फत ती देशका विविध उत्पादन, प्रविधि तथा विविध सेवाको प्रदर्शन हुँदैछ । साथै मित्रराष्ट्र भारत, पाकिस्तान, वंगलादेश लगायत अन्य राष्ट्रबाट आउनु भएका प्रदर्शनीकर्ता एवं प्रतिनिधिमण्डलको पनि स्वागत अभिवादन गर्दछु । मेला प्रदर्शनीलाई विश्वभरनै व्यापार प्रवर्द्धनको एक सशक्त एवं प्रभावकारी माध्यमको रूपमा लिइन्छ । मेला, क्रेता, विक्रेता, सृजनाकार, लगानीकर्ताहरूलाई एकै थलोमा भेला गराउने, व्यवसायिक कौशल आदानप्रदान गर्ने दरिलो माध्यम पनि हो ।

नेपालमा मेला महोत्सवहरू निकै नै हुने भए पनि वार्षिक क्यालेण्डरका रूपमा अन्तर्राष्ट्रियस्तरको व्यापार मेला हुन नसकिरहेको परिप्रेक्षमा ७ वर्ष अघि नेपाल उद्योग वाणिज्य महासंघले नेपाल भित्रै वर्षेनी एक अन्तर्राष्ट्रियस्तरको व्यापार मेला आयोजना गर्ने अठोटका साथ एनआइटीएफको सुरुवात गरेको हो । हाम्रो यो अठोटलाई नेपाल सरकारले पनि सहर्ष साथ दियो र प्रत्येक वर्षको मार्च महिनामा यो मेला आयोजना गरिदै आएको छ ।

मेला आयोजनामा सहयोग र सहकार्यका लागि नेपाल सरकार विशेष गरी वाणिज्य मन्त्रालय र व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रलाई हार्दिक धन्यवाद दिन चाहान्छु । उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रीज्यू पनि हामी माझ हुनुहुन्छ । उहाँको उद्योग व्यापार क्षेत्रप्रतिको सद्भाव र यसको विकासप्रतिको चासोका लागि आभार व्यक्त गर्दै यहां स्वागत अभिवादन गर्दछु । म नेपाल सरकार व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रलाई सहयोगका लागि हार्दिक आभार व्यक्त गर्दछु ।

एनआइटीएफको यो सातौं संस्करणसम्म आइपुग्दा यसले राष्ट्रिय र अन्तर्राष्ट्रिय जगतमा आफ्नो एक पहिचान बनाई सकेको छ । नेपालको व्यावसायिक क्यालेण्डरमा यो परिचित भैसकेको छ । स्थापित भैसकेको छ । महासंघ पनि यसको स्तर अभिवृद्धिमा निरन्तर लागि परेको छ ।

वाह्य देशहरूमा आयोजना हुने मेलाहरूमा भाग लिंदाको हाम्रो अनुभवले पनि मेलालाई प्रत्यक्ष खरिद बिक्रीका लागि भन्दा पनि यसलाई व्यवसायिक सम्बन्ध विस्तार गर्ने, व्यवसायिक सम्झौताहरू गर्ने, संयुक्त लगानी आकर्षण गर्ने, व्यवसायिक सहकार्यलाई थालनी गर्ने अवसरको रूपमा भरपुर प्रयोग गरेको पाइन्छ । तर हाम्रो सन्दर्भमा व्यापार मेलाहरू अझै पनि उपभोक्ता मेलाकै अवस्थाबाट माथि उठ्न नसकेको यथार्थतालाई आत्मसात् गर्दै महासंघले यसलाई समग्रमा नेपाललाईनै प्रवर्द्धन गर्ने अभिप्राय अनुसार Showcasing Nepal and The Globe को Theme मा विगत ७ वर्षदेखि निरन्तर आयोजना गर्दै आएको छ । हाम्रा सुझाव अनुसारका पूर्वाधारहरू तयार हुन सके भने हामीलाई विश्वास छ आगामी केही वर्ष भित्रनै यस मेलालाई विश्वस्तरको बनाउन हामी सफल हुने छौ ।

विगत केही वर्षयता नेपालमा मेला महोत्सवको संख्या तीव्ररूपमा बढ्दै गएको छ । यसलाई हामीले निकै सकारात्मक रूपमा लिएका छौं । तर मेला महोत्सवसँगै भित्रिएका विकृतिबाट निजी क्षेत्र चिन्तित भएको छ । सम्माननीय प्रधानमन्त्रीज्यू, उद्योग व्यवसायको प्रवर्द्धनका लागि उद्योग व्यवसाय क्षेत्रनै विज्ञ समूह हो भन्ने हाम्रो बुझाई छ । उद्योग व्यवसायको मर्म र महत्व यस क्षेत्रलाई जति अरुलाई नहुने हाम्रो विश्वास हो । तर केही वर्षदेखि उद्योग व्यवसाय प्रवर्द्धनमा सघाउ पुऱ्याउने नाउँमा गैह्र औद्योगिक व्यवसायिक क्षेत्रबाट समेत मेला महोत्सव आयोजना गर्ने विकृति बढेकाले हामी

अत्यन्त चिन्तित छौं । यस्ता गैह्र व्यवसायिक क्षेत्रबाट आयोजना गरिएका त्यस्ता मेला महोत्सव उद्योग व्यवसायको प्रवर्द्धन भन्दा पनि कमाउ धन्दा भएको र यसले मेला महोत्सवको गुणस्तरमै असर पार्नेतर्फ हाम्रो गम्भीर चिन्ता छ । यसर्थ सरकारबाट औद्योगिक व्यापार मेला महोत्सवको आयोजनामा उद्योग वाणिज्य संघ संस्था बाहेक अन्य संघ संस्थाहरूलाई रोक लगाउन पर्ने हाम्रो सुझाव छ ।

विडम्बनाको कुरो हामीसँग मेला प्रदर्शनी गर्ने उपयुक्त पूर्वाधार नै छैन । नेपालमा यस्ता सुविधा सम्पन्न प्रदर्शनीहलहरू नहुँदा वाह्य लगानीकर्ताहरू ठूला ठूला वहुराष्ट्रिय कम्पनीहरूलाई मेला महोत्सवमा ल्याउन सकेका छैनौं । उनीहरु नआउनुमा एकै कारण हुन्छ त्यो भनेको सुविधासम्पन्न पूर्वाधारको अभावनै हो । काठमाडौंको केन्द्रमा रहेको दशकौं पुरानो भृकुटिमण्डपको यो जीर्ण पूर्वाधारका कारण मेला आयोजनाका लागि निकै कठिन बन्दै गएको छ । वर्षैभरि मेला महोत्सव आयोजना यो स्थानमा राज्यका विशिष्ट व्यक्तित्वहरूबाट वर्षौदेखि उद्‌घाटन हुँदै आएपनि यसको स्तरीकरणमा राज्यको ध्यान आजसम्म पनि नजानु हाम्रा लागि दुःखको कुरा हो ।

नेपाल उद्योग वाणिज्य महासंघले विगत धेरै वर्षदेखि अन्तर्राष्ट्रिय मेलाका लागि उपयुक्त स्थान उपलब्ध गराई निजी क्षेत्र समेत परिचालन गरी पूर्वाधार विकास र पूर्वाधारको संचालन गर्न अग्रसर हुने प्रतिबद्धता दोहोऱ्याउँदै आएको हो । निजी क्षेत्रको वारम्वारको मागपछि सरकारले छुट्याएको चोभारस्थित सिमेन्ट कारखानाको जग्गामा एक्जिविशन सेन्टर देखि बहुआयामिक भवन बनाउने निर्णय त भयो तर त्यसले आजसम्म पनि मूर्तरुप पाउन सकेको छैन । सम्माननीय प्रधानमन्त्रीज्यू यस्ता सुविधासम्पन्न प्रदर्शनीहल निर्माणको जिम्मेवारी लिन हामी तयार छौं, सरकारले आवश्यक निर्णय सहित हामीलाई अगाडि बढ्ने मौका दिएमा राजधानी सहित सात वटै प्रदेशमा त्यस्ता सुविधासम्पन्न प्रदर्शनीहल निर्माणका लागि महासंघ तयार छ ।

नेपालको व्यापार घाटाका वारेमा मैले भनिरहन पर्दैन सबै जानकार हुनुहुन्छ । संसारका जतिमुलुकमा हामी व्यापार गर्छौ एकाध मुलुकलाई छोडेर सवैमा हाम्रो व्यापार घाटामा चलेको छ । छिमेकी देश भारत र चीनसंगको व्यापार घाटा हाम्रा लागि टाउको दुखाई बनिसकेको छ । यस्तो अवस्थामा हाम्रो निर्यात वढाउनुको विकल्प छैन । निर्यात वढाउने एक उपाय भनेको हाम्रा उत्पादनहरूको प्रर्दशन पनि हो र यस्ता प्रर्दशनीले उत्पादक र उपभोक्ता खरिदकर्ता र आपूर्तिकर्ता बीचको सम्पर्क स्थापना गराउंछ । नेपाली उत्पादनको प्रर्दशनी नेपालमा मात्र सीमित नगरी विदेशमा समेत वढाउनु पर्ने चुनौती हाम्रो छ ।

यस्तो अवस्थामा आयोजना भएको नेपाल अन्तर्राष्ट्रिय व्यापार मेला, मुलुकभित्र अर्थतन्त्रलाई चलायमान बनाउन, नेपालमा व्यवसाय विस्तार तथा लगानीका लागि उपयुक्त वातावरण छ, नेपाल अब लगानी आकर्षणका लागि भोको छ भन्ने संदेश अन्तराष्ट्रिय जगत समक्ष प्रवाह गर्न सफल हुने हाम्रो विश्वास छ । म यस अवसरमा मेलामा सहभागी हुन आउनु भएका विदेशी उद्यमी व्यवसायीहरूलाई आफ्ना देशमा नेपालमा लगानीका अवसर वारे सकारात्मक संदेश प्रवाह गर्न तथा संयुक्त लगानी, प्रविधि मार्फत नेपाललाई सहयोग गर्न आग्रह समेत गर्दछु । मेलाको भरपुर उपयोग गर्दै स्वदेशी उद्यमी व्यवसायीहरूलाई, आफ्ना विदेशी counterpart हरुसंग मुलुकभित्र लगानी तथा प्रविधि आकर्षणका लागि सम्बन्ध स्थापित गर्न समेत म विशेष आग्रह गर्दछु ।

**मैले यो अवसरको भरपुर उपयोग गर्दै सम्माननीय प्रधानमन्त्रीज्यू समक्ष केही कुरा राख्ने अनुमति चाहान्छु**

**सम्माननीय प्रधानमन्त्रीज्यू**

यहाँ भर्खरै मुलुकको कार्यकारी प्रमुखमा नियुक्त हुनु भएको छ । यस अवसरमा हालै सम्माननीय प्रधानमन्त्रीज्यूलाई बधाई दिन हामी बालुवाटार गयौं । त्यहाँ मुलुकको समृद्धिका विषयमा प्रधानमन्त्रीज्यू समक्ष निकै लामो छलफल भयो । मुलुकको विद्यमान आर्थिक अवस्थाका वारेमा सम्माननीय प्रधानमन्त्रीज्यूको चिन्ता र आर्थिक समृद्धिका लागि सम्माननीय प्रधानमन्त्रीज्यूको प्रतिवद्धता हामीले पाएका छौं । जनताको चाहना अनुसारको आर्थिक विकासमा आफ्नो सरकार केन्द्रित हुने र निजी क्षेत्रका उद्यमी व्यवसायीहरूलाई समेत समावेश गरी परामर्श समूह गठन गर्ने प्रतिवद्धताबाट हामी अत्यन्त उत्साहित भएका छौं । हामी छिटो परामर्श समूह गठन हुने आशामा छौं ।

सम्माननीय प्रधानमन्त्रीज्यू, हाम्रो जस्तो सानो मुलुकका लागि विकासको चाहना पुरा गर्न कुनै समय लाग्दैन । यदि सरकारको कमाण्ड सम्हाल्ने नेतृत्वसँग मुलुक बनाउने दरिलो आँट, प्रद्धिवद्धता र दूरदृष्टि छ भने हामीले एक दशकभित्र मुलुकको काँचुली फेर्न सक्छौं, त्यो प्रतिवद्धता हामीले सम्माननीय प्रधानमन्त्रीज्यूमा पाएका छौं ।

हामीसँगै अर्थमन्त्रीज्यू पनि हुनुहुन्छ । नयाँ सरकारले सबै क्षेत्रमा काम गर्छु भन्दा पनि केही विशेष क्षेत्रमा केन्द्रित हुनुपर्ने हाम्रो सुझाव छ । राज्यले यस्तो काम गर्नुपर्‍यो जुन जनता र निजी क्षेत्रले गर्न नसक्ने खालका छन् । सडक, जलविद्युत, अन्तर्राष्ट्रिय विमानस्थल आजका हाम्रा प्रमुख आवश्यकता हुन । सरकारले लक्ष्य सहित यी पूर्वाधार तयार गरिदिने र नीतिगत सुधार र लगानीमैत्री वातावरण बनाइदिन सक्यो भने प्रगति हाम्रै पालामा सम्भव छ प्रधानमन्त्रीज्यू, दश वर्षमा हामी मुलुकलाई कायापलट बनाउन सक्छौं ।

अव मुलुकको कुनै राजनीतिक एजेण्डा छैन । हामीले सवै राजनीतिक उपलव्धी हासिल गरीसकेका छौं । अव हाम्रा अगाडी आर्थिक विकासको एकल एजेण्डा मात्र छ । सरकार र सबै राजनीतिक दलहरु पनि आर्थिक विकासका लागि प्रतिवद्ध देखिनु भएको छ, म यस अवसरमा सम्माननीय प्रधानमन्त्रीज्यू समक्ष एक प्रस्ताव राख्न चाहान्छु कि संसदको पहिलो बैठकबाटनै मुलुकलाई आर्थिक विकासको मार्गमा अगाडी बढाउने साझा संकल्प पास गर्न नेतृत्वदायी भूमिका निर्वाह होस । जसले नेपाल अव साँच्चिकै आर्थिक समृद्धिको मार्गमा अगाडी बढेको सन्देश राष्ट्रिय अन्तराष्ट्रियरुपमा दिन सकियोस ।

मुलुकको अर्थतन्त्रका विषयमा सरकारबाट मध्यावधि समिक्षा हिजोमात्र भएको छ । मुलुकको आर्थिक अवस्था र अर्थतन्त्रका चुनौतीहरू समिक्षामा स्पष्ट रुपमा उल्लेख गरिएको छ । अर्धवार्षिक समिक्षाबाट पहिचान गरिएका सुझावहरूलाई समेत मनन गरी दीर्घकालीन रूपमा सरकारले विकासका बाधा के-के छन्, मुलुकको उत्पादकत्व किन घट्दैछ भन्ने विषयमा चासो दिनुपर्ने, पर्यटन प्रवर्द्धन, पूर्वाधार निर्माण, औद्योगिक विकासका लागि निजी क्षेत्रलाई विश्वासमा लिएर साथै लैजानुपर्ने हाम्रो सुझाव छ ।

मुलुकको पछौटेपनाको पीडा हामी सबैलाई छ । त्यो पीडालाई निजी क्षेत्रले अझ बढी महसुस गरेको छ । अब हामी कुनै पनि राजनीतिक वादमा अल्झिएर, कुनै पनि बहाना गरेर उम्कने समय हामीसँग छैन । राजनीतिमा हामीले अधिकतम उपलब्धि हासिल गरिसकेका छौं । अब मुलुकभित्र एक सूत्रीय एजेण्डा मात्र हुनुपर्छ त्यो भनेको आर्थिक विकासनै हो, मुलुकको समृद्धिनै हो । मुलुकभरीनै आर्थिक विकासको लहर ल्याउन महासंघले आफ्नो अभियान थाली सकेको छ । मुलुकभित्र सात वटै प्रदेशमा प्रदेश सरकारको समेत सहयोगमा आर्थिक बहस कार्यक्रमलाई हामीले अगाडी बढाई

सकेका छौं । गएको हप्तामात्र हामीले प्रदेश नम्बर ४ मा आर्थिक वहस कार्यक्रम सम्पन्न गर्‍यौं, प्रदेशको आर्थिक विकासका लागि माननीय मुख्य मन्त्रीज्यूबाट व्यक्त प्रतिबद्धता र प्रदेशको आर्थिक समृद्धिमा निजी क्षेत्रलाई एकसाथ लैजाने प्रदेश सरकारसँगको सहमतिबाट हामी अत्यन्त उत्साहित भएका छौं ।

मुलुकले लिएको आर्थिक समृद्धिको एजेन्डानै निजी क्षेत्रको पनि एजेन्डा भएकाले नीतिगत सुधार, सुशासन र लगानीमैत्री वातावरणको प्रत्याभूति हुन सक्यो भने जनताले खोजेको जस्तो आर्थिक विकास गर्ने सम्माननीय प्रधानमन्त्रीज्यूको लक्ष्यलाई पुरा गर्न हामी निजी क्षेत्र सारथी भएर काम गर्न तयार छौं, प्रतिबद्ध छौं ।

**उद्यमी व्यवसायी साथीहरू,**

महासंघले मेला महोत्सव मार्फत उद्योग व्यापार प्रवर्द्धनमा आफ्नो ध्यान केन्द्रित गर्दै आएको छ । राष्ट्रिय, क्षेत्रीय र स्थानीय मेलाहरूप्रति सरकार लगायत सबै सरोकारवालाहरूको चासो बढ्दै गएको हामीले पाएका छौं । हरेक वर्ष महासंघले आफ्ना सदस्यहरूको समन्वय एवं सरकारको सहयोगमा मोफसलमा करिव दुई दर्जन भन्दा बढी मेला महोत्सव आयोजना गर्दै आएको छ । जिल्ला र प्रादेशिक मेला महोत्सवहरू सम्पन्न भैसकेका छन् । ती मेला महोत्सवबाट एकातिर स्थानीय जनताहरू प्रत्यक्षरूपमा अर्थतन्त्रको मूल प्रवाहमा समाहित हुन सकेका छन भने अर्कातिर स्थानीयस्तरमा आर्थिक गतिविधि बढ्न गएको छ । गाँउघरमै गरिएको ससानो मेहनतको पनि मुल्य पाइने विश्वास जनतामा पर्न गएको छ, यसले उनीहरूमा स्वावलम्विपना र उद्यमशीलताको विकास भएको छ । कतिपय व्यवसायीहरु मेलामार्फत आफ्नो बजार बढाउन समेत निकै सफल भएका छन् । महासंघबाट मेला प्रवर्द्धन कार्यमा महासंघको व्यापार मेला समितिले महत्वपूर्ण कार्य गर्दै आएको छ । यस मेलाको आयोजना लगायत विभिन्न क्षेत्रीय र स्थानीय मेला आयोजनाका लागि सकृय रूपमा लाग्नु भएका महासंघको व्यापार मेला समितिका सदस्यहरू, महासंघ सचिवालयका कर्मचारी साथीहरू सहित सभापति श्री दिल सुन्दर श्रेष्ठजीलाई सहृदय धन्यवाद दिन चाहान्छु । साथै सहयोगी सबै साझेदारहरूलाई समेत धन्यवाद दिन चाहान्छु ।

आजको यस समुद्घाटन समारोहमा सम्माननीय प्रधानमन्त्रीज्यू सहित उपस्थित सम्पूर्ण मान्य अतिथिगणमा यहाँहरूको गरिमामय उपस्थितिका लागि आभार व्यक्तगर्दै पुनः स्वागत अभिवादन गर्दछु ।

धन्यवाद

**२०७४ फागुन २४ गते, बिहीबार, काठमाडौं ।**

**धन्यवाद मन्तव्य, श्री शेखर गोल्छा,**

**वरिष्ठ उपाध्यक्ष, नेउवामहासंघ ।**

- नेपाल उद्योग वाणिज्य महासंघद्वारा आयोजना गरिएको नेपाल अन्तर्राष्ट्रिय व्यापार मेला २०१८ को समुद्घाटन समारोहमा गरिमामय उपस्थित जनाउनु हुने प्रमुख अतिथिज्यू सहित सम्पूर्ण उपस्थित अतिथिगणमा नेपाली निजी क्षेत्रको संघीय प्रतिनिधिमुलक संस्था नेपाल उद्योग वाणिज्य महासंघका तर्फबाट म हार्दिक आभार प्रकट गर्दछु ।

- आफ्नो अति व्यस्त कार्यतालिकाका वावजुद हाम्रो निमन्त्रणालाई स्वीकार गरि यस समारोहको समुद्घाटन सहित समारोहलाई सम्बोधन गरी दिनु भई निजी क्षेत्रका हामी उद्यमी व्यवसायीहरुलाई हौसला प्रदान गरी दिनु भएकोमा सम्माननीय प्रधानमन्त्रीज्यूमा महासंघ एवं मुलुकभरका सम्पूर्ण उद्यमी व्यावसायीहरुको तर्फबाट आभार सहित हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

- यसैगरी आजको यस समारोहमा गरिमा बढाई दिनु भएकोमा माननीय अर्थमन्त्रीज्यू, माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रीज्यू, नेताज्यूहरु, संवैधानिक अंगका प्रमुखज्यूहरु, माननीय सांसदज्यूहरु, नेपाल सरकारका उच्चपदस्थ अधिकृतज्यूहरु, महामहिम राजदूतज्यूहरु, कुटनीतिक नियोगका पदाधिकारीज्यूहरु, महासंघका पूर्व अध्यक्षज्यूहरु, पदाधिकारीज्यूहरु, कार्यकारिणी समितिका सदस्यज्यूहरु, राष्ट्रिय अन्तराष्ट्रिय गैर सरकारी संस्थाका प्रतिनिधिज्यूहरु, मुलुकभरका सम्पूर्ण उद्यमी व्यवसायी मित्रहरु, संचारकर्मी मित्रहरु, मेलामा भागलिन आउनु भएका स्वदेशी एवं विदेशी उद्यमी व्यवसायी सहित सम्पूर्ण अतिथिगणमा यहांहरुको गरिमामय उपस्थितिप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

- नेपाल सरकार र निजी क्षेत्रको संयुक्त सहकार्यमा आयोजना हुंदै आएको नेपाल अन्तराष्ट्रिय व्यापार मेला सार्वजनिक निजी साझेदारी (Public Private Partnership-PPP) को सफल उदाहरण हो ।

- हाम्रा धारणा हाम्रा अध्यक्षज्यूले आफ्नो स्वागत मन्तव्यको क्रममा राखि सक्नु भएको छ । म त्यसलाई बढाउन चाहान्न ।

- सम्माननीय प्रधानमन्त्रीज्यू, मेला महोत्सव आर्थिक क्रियाकलाप प्रवर्द्धन गर्ने, आम जनतालाई अर्थतन्त्रको मूल प्रवाहमा समाहित गर्ने मुख्य साधन पनि हो । यही मूल भावनालाई आत्मसाथ गरि महासंघले नेपाल सरकारको समेत सहयोग र सहभागितामा मुलकैभर मेला महोत्सवको आयोजना गर्दै आएको हो । यस्ता मेलाले नेपाली उत्पादनहरुको अन्तराष्ट्रिय वजार प्रवर्द्धनमा समेत सघाउ पुरयाउनुको साथै नेपालको व्यापार घाटा कम गर्नपनि मद्दत गर्ने हाम्रो विश्वास छ ।

- मुलुकको अर्थतन्त्रका विषयमा हामी सवै जानकार छौं । मैले भनिरहन पर्दैन । मूलुक पूर्णत नयाँ चरणमा प्रवेश गरेको छ । अव पालो आर्थिक विकासको नै हो । यो वाहेक हाम्रा अरु केही एजेण्डा छैनन । मुलुकले हासिल गरेको राजनीतिक उपलव्धीलाई यदि सांच्चिकै संस्थागत गर्ने हो भने अव निजी क्षेत्रलाई फस्टाउने मौका दिनैपर्छ । सरकारले आवश्यक पूर्वाधारहरु निर्माण गरिदेओस बाँकी विकासलाई अगाडी बढाउन निजी क्षेत्र सक्षम छ ।

- माननीय वाणिज्य मन्त्रीज्यू, नयाँ औद्योगिक व्यवसायिक ऐन, सेज ऐन र श्रम तथा सामाजिक सुरक्षा ऐनले मुलुकभित्र लगानीका वातावरण बन्ने हामीमा आशा पलाएको छ । तर श्रम तथा सामाजिक सुरक्षा ऐन जुन किसिमले ल्याइयो, जुन स्पिरिट त्यसले लिएको छ सो अनुसार नियमावली नआउंदा हामी अत्यन्त हतोत्साहित भएका छौं । सम्माननीय प्रधानमन्त्रीज्यू, माननीय अर्थमन्त्रीज्यू पनि हामीसँगै यही हुनुहुन्छ, म यस अवसरमा उक्त नियमावलीलाई निजी क्षेत्रले दिएका सुझावका आधारमा संशोधन गरियोस भन्ने विशेष ध्यानाकर्षण गराउन चाहान्छु र निजी क्षेत्रले माग गरेका अन्य केही महत्वपूर्ण ऐन कानूनहरु पनि छिट्टै ल्याउनु पर्नेमा विशेष अनुरोध गर्दछु ।

- मलाई विश्वास छ, आगामी १० वर्ष नेपालका लागि स्वर्णिम हुनेछ । हामीले करिब २० वर्ष राजनीतिक सङ्क्रमणमा बितायौं । निसास्सिएर रहिरहेको अर्थतन्त्रमा करिब ३ देखि ४ प्रतिशतको मात्र आर्थिक वृद्धि हासिल गर्न सक्यौं । राजनीतिक परिवर्तन र ‘ल एन्ड अर्डर’को चुनौती, ऊर्जाको चरम समस्या, श्रम सम्बन्ध एकदमै बिग्रिनु, विद्यमान नीतिमा परिवर्तन आउन नसक्नु र पूर्वाधारमा सरकारले लगानी गर्न नसक्नु आदि चुनौतीका रुपमा देखिए । भूकम्प, नाकाबन्दीलगायत समस्या पनि यस बीचमा देखिए । यति हुँदाहुँदै पनि हामीले उक्त आर्थिक वृद्धि हासिल गर्न सक्यौं ।

- अहिले यी सबै समस्या समाधान हुने क्रममा छन् । जस्तो, ऊर्जा समस्या ८० प्रतिशतजस्तो समाधान भइसकेको छ । अब राजनीतिक सङ्क्रमण पनि सिद्धिएजस्तो लाग्छ । स्थानीय तथा प्रादेशिक सरकार पनि हुने भएकाले उद्योगहरुलाई स्थानीय स्तरमा देखिने समस्या समाधान गर्न सजिलो हुनेछ । बिजुली लगायत समस्या समाधानमा सहयोग हुने देखिन्छ, जुन कुरा पहिले केन्द्रस्तरबाट समाधान गर्न एकदमै गाह्रो हुन्थ्यो । यसअघि बिजुली, मजदूर आदिको समस्या समाधान गर्न नसकेर उद्योगहरु बन्द हुने अवस्था पनि थियो । प्रादेशिक सरकार आइसकेपछि यस्ता समस्या समाधान होलान् भन्ने हाम्रो आशा छ । अब उद्योगका लागि ‘फोकस्ड अप्रोच’ हुन्छ कि भन्ने हाम्रो आशा छ ।

- अर्को ठूलो चुनौती हामीकहाँ पूर्वाधारको छ । बितेको दुई दशकको सङ्क्रमणकालमा पूर्वाधारको अवस्था दयनीय रह्यो । राजमार्गहरु एकदमै साना भइसके । विमानस्थलहरु एकदमै साना भइसके । पूर्वाधारको कमीका कारण भन्सारहरुमा 'कस्ट अफ डुइङ बिजनेस' एकदमै बढेको छ । अरु पोर्टदेखि ड्राइपोर्टहरुमा आवश्यक क्षमता नभएकाले समस्या आइरहेको छ । यसलाई मैले चुनौतीभन्दा पनि बढी अवसरका रुपमा लिएको छु । अब व्यावहारिक किसिमले पूर्वाधारमा लगानी गर्नैपर्छ ।

- मलाई विश्वास छ, लगानी आउँछ । किनभने, अबको सरकारको लक्ष्य तत्कालका लागि पूर्वाधार बाहेक अरुमा हुँदैन । पूर्वाधार निर्माणमा प्राथमिकीकरण गरिदिने काममा महासंघको भूमिका रहन्छ । साथै, पूर्वाधारमा लगानी ल्याउन निजीक्षेत्रले व्यवसायीलाई प्रोत्साहन गर्न सक्छ । पूर्वाधार अथवा लगानीका लागि निजीक्षेत्रलाई चाहिने ऐन कानुन निर्माणमा हामीले सरकारलाई सघाउन सक्छौं ।

- भन्ने निकै धेरै कुराहरु छन्, यस विषयमा हामी सरकारसंग निरन्तर वसेर विकासका मोडलहरु दिन तयार छौं, सम्माननीय प्रधानमन्त्रीज्यूले निजी क्षेत्रलाई समावेश गरी परामर्श समूह गठन गर्छु भन्नु भएको छ, त्यो छिटो पुरा होस, सरकारले ल्याउने विकासका सवै कार्यक्रममा हाम्रो दरिलो साथ रहने विश्वास दिलाउछु ।

**मेरो जिम्मेवारी धन्यवाद दिने भएकाले अव म त्यस तर्फ प्रवेश गर्दछु :**

- सर्वप्रथम हाम्रो निमन्त्रणालाई स्वीकार आफ्नो व्यस्त कार्यतालिकाका वावजुदपनि मेलाको समुद्घाटन गरि संवोधन समेत गरि निजी क्षेत्रलाई हौसला प्रदान गरिदिनु भएकामा आजको यस समारोहका प्रमुख अतिथि एवं सम्माननीय प्रधानमन्त्रीज्यूमा महासंघ र सम्पूर्ण निजी क्षेत्रका तर्फबाट हार्दिक कृतज्ञता सहित धन्यवाद प्रकट गर्दछु ।

- साथै माननीय अर्थमन्त्रीज्यू, माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रीज्यूमा हार्दिक धन्यवाद प्रकट गर्दछु । माननीय सांसदज्यूहरु, कुटनीतिक नियोगका प्रमुखज्यूहरु लगायत सबै विशिष्ट अतिथि गणमा पुनः एक पटक धन्यवाद ज्ञापन गर्दछु ।

- यो मेलालाई सफलतापुर्वक आयोजना गर्नका लागि सहयोग गर्ने नेपाल सरकार वाणिज्य मन्त्रालय, व्यापार तथा निकासी प्रर्वद्धन केन्द्रमा धन्यवाद ज्ञापन गर्दछु । मेलाको सहआयोजक संस्थाहरु ललितपुर उद्योग वाणिज्य संघ र नेपाल हस्तकला महासंघ लाई पनि हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

- यस पटक मेलाका सहयोगी संस्थाहरुमा चाइना एक्जिविसन एण्ड फोरम कम्पनी लि., अर्घाखाँची ओपीसी सिमेन्ट, गार्मेन्ट एशोसिएसन नेपाल, फुटवेयर म्यानुफेक्चरर्स एसोसिएसन अफ नेपाल, प्रान, नेपाल टेलिकम, ग्लोवल आइएमई बैंक, इभेन्ट म्यानेजमा डीएन इभेन्टस्, आफिसियल इन्स्योरेन्समा प्रिमियर इन्स्योरेन्स कम्पनी नेपाल, अफिसियल कार्गो गणेश एयर कार्गो लि., अफिसियल आइएसपीमा मर्कन्टायल कम्युनिकेशन प्रा.लि. जसले हामीलाई सहयोग गर्नुभयो उहांहरु सवैलाई धन्यवाद दिन चाहान्छु ।

- अन्तमा, हाम्रो यो कार्यक्रमको लागि स्थान उपलव्ध गराउने भृकुटीमण्डप र कार्यक्रम आयोजनाका लागि सदा दत्तचित्त भई कार्यरत रहने महासंघ सचिवालयका सम्पूर्ण कर्मचारी साथीहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

**धन्यवाद**

**फागुन २४ विहीवार, काठमाडौं ।**

## महासंघको मेला समितिका सभापति दिलसुन्दर श्रेष्ठको मन्तव्य

कार्यक्रमका सभापति एवं महासंघका अध्यक्ष श्री भवानी राणाज्यू,

प्रमुख अतिथि सम्माननीय प्रधानमन्त्रीज्यू

माननीय अर्थमन्त्रीज्यू

माननीय, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रीज्यू

वाणिज्य सचिवज्यू

महासंघका निवर्तमान अध्यक्षज्यू

महासंघका विशिष्ट सदस्य एवं पूर्व अध्यक्षज्यू

महासंघका वरिष्ठ उपाध्यक्षज्यू,

महासंघका उपाध्यक्षज्यूहरु

महासंघका कोषाध्यक्षज्यू, कार्यकारिणी समितिका सदस्यज्यूहरु

महामहिम राजदुतज्यूहरु

नेपाल सरकारका उच्पदस्थ अधिकारीज्यूहरु

कुटनीतिक नियोगका उच्चपदस्थ अधिकारीज्यूहरु

चीनको वाणिज्य मन्त्रालयको व्यापार विभागका उपमहानिर्देशक चीन होङ

मेलामा भाग लिन आउनु भएका स्वदेशी एवं विदेशी प्रदर्शनीकर्ताहरु

उद्यमी व्यवसायीहरु

संचारकर्मी साथीहरु

भद्र महिला तथा सज्जनवृन्द

१. नेपाल उद्योग वाणिज्य महासंघद्वारा आयोजना गरिएको **नेपाल अन्तर्राष्ट्रिय व्यापार मेला २०१८** को समुद्घाटन समारोहमा उपस्थित हुनुहुने प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यूहरु सहित सम्पूर्ण उपस्थित अतिथिगणहरूमा म हार्दिक आभार प्रकट गर्दछु ।

२. नेपाल सरकारले निजी क्षेत्रको प्रतिनिधिमुलक संस्था महासंघको सामाजिक आर्थिक विकासको अभियानमा सहकार्य गर्दै आएको साझेदारीलाई सम्मानपूर्वक स्मरण गर्न चाहान्छु ।

३. नेपाल सरकार र निजी क्षेत्रको संयुक्त सहकार्यमा आज सातौं नेपाल अन्तराष्ट्रिय व्यापार मेलाको सम्माननीय प्रधानमन्त्रीज्यूबाट समुद्घाटन भएको छ । यसले हामीलाई अझ बढी उर्जा मिलेको छ ।

४. नेपालमा मेला महोत्सवहरू निकैनै हुने भए पनि वार्षिक क्यालेण्डरका रूपमा अन्तर्राष्ट्रियस्तरको व्यापार मेला हुन नसकिरहेको परिप्रेक्षमा ७ वर्ष अघि नेपाल उद्योग वाणिज्य महासंघले नेपाल भित्रै वर्षेनी एक अन्तर्राष्ट्रियस्तरको व्यापार मेला आयोजना गर्ने अठोटका साथ एनआइटीएफको सुरुवात गरेको हो । हाम्रो यो अठोटलाई नेपाल सरकारले पनि सहर्ष साथ दियो र प्रत्येक वर्षको मार्च महिनामा यो मेला आयोजना गरिदै आएको छ ।

५. यस मेलामा कूल ३०० भन्दा बढी स्टल मार्फत मेलामा स्वदेशी एवं विदेशी वस्तु तथा सेवाहरू प्रदर्शनीमा राखिएको जानकारी गराउन चाहान्छु । मेलामा चीनबाट ७४, बंगलादेशबाट २१, पाकिस्तानबाट १५, भारतबाट १५ र बाँकी नेपालका स्टलहरु रहेका छन् । मेलाको मुख्य आकर्षणमा हस्तकलाका उत्पादनहरू, एनटीआइएस प्रोडक्टहरू रहने छन् । हस्तकला, पर्यटन, सूचना प्रविधि एवं व्यवसायिक सूचना, कृषि उत्पादन, उर्जा, भवन तथा निर्माण सम्बन्धी सामाग्रीहरु, शिक्षा, फलाम तथा स्टील, सवारी साधन लगायतका छुट्टाछुट्टै स्टलहरू रहेका छन् ।

६. एनआइटीएफको यो सातौं संस्करणसम्म आइपुग्दा यसले राष्ट्रिय र अन्तर्राष्ट्रिय जगतमा आफ्नो एक पहिचान बनाई सकेको छ । नेपालको व्यावसायिक क्यालेण्डरमा यो परिचित भैसकेको छ । स्थापित भैसकेको छ । महासंघ पनि यसको स्तर अभिवृद्धिमा निरन्तर लागि परेको छ ।

७. वाह्य देशहरूमा आयोजना हुने मेलाहरूमा भाग लिंदाको हाम्रो अनुभवले पनि मेलालाई प्रत्यक्ष खरिद बिक्रीका लागि भन्दा पनि यसलाई व्यवसायिक सम्बन्ध विस्तार गर्ने, व्यवसायिक सम्झौताहरू गर्ने, संयुक्त लगानी आकर्षण गर्ने, व्यवसायिक सहकार्यलाई थालनी गर्ने अवसरको रूपमा भरपुर प्रयोग गरेको पाइन्छ । तर हाम्रो सन्दर्भमा व्यापार मेलाहरू अझै पनि उपभोक्ता मेलाकै अवस्थाबाट माथि उठ्न नसकेको यथार्थतालाई आत्मसात् गर्दै महासंघले यसलाई समग्रमा नेपाललाईनै प्रवर्द्धन गर्ने अभिप्राय अनुसार Showcasing Nepal and The Globe को Theme मा विगत ७ वर्षदेखि निरन्तर आयोजना गर्दै आएको छ । हाम्रा सुझाव अनुसारका पूर्वाधारहरू तयार हुन सके भने हामीलाई विश्वास छ आगामी केही वर्ष भित्रनै यस मेलालाई विश्वस्तरको बनाउन हामी सफल हुने छौं ।

८. मेलाका अवसरमा विभिन्न देशबाट आउने व्यापारिक प्रतिनिधिहरूसँग भेटघाट तथा द्विपक्षीय व्यापार प्रवर्द्धन तथा लगानी बारे छलफल समेत हुने छ । यस वर्षको मेलामा स्वदेशी र विदेशी गरि करिव २ लाख अवलोकनकर्ताहरूले अवलोकन गर्ने लक्ष्य राखिएको छ ।

९. राष्ट्रिय तथा अन्तराष्ट्रिय तहमा एउटा विशिष्ठ पहिचान बनाइसकेको नेपाल अन्तर्राष्ट्रिय व्यापार मेलाको नियमित आयोजनाबाट नेपालमा अन्तर्राष्ट्रिय लगानी तथा प्रविधि आकर्षण गर्न, नेपाली उत्पादनहरूको अन्तर्राष्ट्रिय बजार प्रवर्द्धन गरी समग्रमा मुलुकको अर्थतन्त्रलाई माथि उठाउन सघाउ पुऱ्याउने आशा एवं विश्वास महासंघले लिएको छ ।

१०. स्थानीय तहमा रहेको सम्भाव्यताको उजागर गर्न, घरघरमा उद्यमशीलता प्रवर्द्धन गर्न र आम नेपाली जनताको आर्थिक क्रयशक्ति बढाउन महासघले सरकारको सहयोगमा थालनी गरेको व्यापार मेला महोत्सवले आज निकै लोकप्रियता कमाउदै गएको र मुलुकका कुनाकुनामा आर्थिक जागरण आएको हाम्रो विश्लेषण छ । मेला महोत्सव पनि आर्थिक विकासको एक शसक्त माध्यम हो भन्नेमा दुईमत नहोला ।

११. यो मेलालाई सफलतापूर्वक आयोजना गर्न नेपाल सरकार वाणिज्य मन्त्रालय, व्यापार तथा निकासी प्रर्वद्धन केन्द्रबाट नियमितरुपमा हामीलाई सहयोग प्राप्त भएको छ । आगामी दिनमा अझ बढी सहयोगको अपेक्षा गर्दछु । यस वर्षको मेलामा सहआयोजक भई हामीलाई सहयोग पुऱ्याउने महासंघका सदस्यहरु ललितपुर उद्योग वाणिज्य संघ र नेपाल हस्तकला महासंघको साथको हामीले आगामी पनि दिनमा निरन्तर अपेक्षा गरेका छौं ।

१२. यी संस्थाहरु जसको साथ र सहयोग हाम्रा लागि निकै महत्वपूर्ण रहेको छ, चाइना एक्जिविसन एण्ड फोरम कम्पनी लि., अर्घाखाँची ओपीसी सिमेन्ट, गार्मेन्ट एशोसिएसन नेपाल, फुटवेयर म्यानुफेक्चरर्स एसोसिएसन अफ नेपाल, प्रान, ग्लोवल आइएमई बैंक, नेपाल टेलिकम, इभेन्ट म्यानेजमा डीएन इभेन्टस्, आफिसियल इन्स्योरेन्समा प्रिमियर इन्स्योरेन्स कम्पनी नेपाल, अफिसियल कार्गो गणेश एयर कार्गो लि., अफिसियल आइएसपीमा मर्कन्टायल कम्युनिकेशन प्रा.लि.प्रति आभार प्रकट गर्दछु आगामी दिनमा तपाईहरुको अझ बढी सहयोगको अपेक्षा गरेको छु ।

१३. अन्त्यमा यो मेलालाइ सफलतापूर्वक आयोजना गर्न मलाई निरन्तर सल्लाह, सुझाव र सहयोग गर्नुहुने महासंघका अध्यक्ष श्री भवानी राणाज्यू, महासंघका पदाधिकारीज्यूहरु, कार्यकारिणी समितिका साथीहरु, मेरो नेतृत्वमा रहेको व्यापार मेला समितिका मेरा सहसभापतिद्वय श्री सविलाल श्रेष्ठ, श्री धर्मरत्न शाक्य, सल्लाहकारहरु, सदस्यज्यूहरुप्रति आभार प्रकट गर्दछु । मेलालाई आयोजना गर्न निरन्तर लाग्नु भएका महासंघ सचिवालयको मेला शाखाका प्रमुख श्री विष्णुराज ढकालजी र उहांको टिम सहित सिंगो सचिवालयका साथीहरुलाई पनि विशेष धन्यवाद दिन चाहान्छु ।

१४. अन्त्यमा मेलामा भाग लिन आउनु भएका स्वदेशी एवं विदेशी प्रदर्शकहरु तपाईहरुको यो मेला व्यवसायिक रुपमा सफल हुन सकोस, विदेशबाट आउनु भएका साथीहरुको नेपाल वसाई सुखमय वनोस मेरो शुभकामना सहित सम्पूर्णमा हार्दिक धन्यवाद ज्ञापन गर्दै विदा लिन्छु ।

**Happy Women Day**

धन्यवाद!!!